हरियो वन कार्यक्रम

# फेवा वाटरसेड इकोसिष्टम म्यानेजमेण्ट बोर्ड व्यवस्थापन समितिको संचालन कार्यविधि, २०७२



USAID
FROM THE AMERICAN PEOPLE

WWF

care

Federation of Community Forestry Users, Nepal (FECOFUN)

TRUST FOR NATURE CONSERVATION NATIONAL NEPAL 1982

**प्रकाशन श्रेय**

© डब्लुडब्लुएफ नेपाल

यस पुस्तकको पूर्ण वा आंशिक भागको पुनरुत्पादन गरिएमा शीर्षक उल्लेख गरिनुपर्ने छ र माथि उल्लेखित प्रकाशकलाई सर्वाधिकारको श्रेय दिइनुपर्ने छ ।

**प्रकाशक**
डब्लुडब्लुएफ नेपाल, पोस्ट बक्स नं ७६६०
बालुवाटार, काठमाडौं, नेपाल
फोन: ४४३४८२०, इमेल: hariyobanprogram@wwfnepal.org
वेबसाइट: www.wwfnepal.org/hariyobanprogram

***तस्वीर:*** *डब्लुडब्लुएफ नेपाल, हरियो वन कार्यक्रम/नविन बराल*

***डिस्क्लेमर:***
*यो पुस्तिका अमेरिकी जनताद्वारा अमेरिकी विकास नियोग (युएसएड) को माध्यमबाट प्रदान गरिएको उदार सहयोगबाट सम्भव भएको हो । यसमा उल्लेखित विषयवस्तु लेखकको जिम्मेवारी हो र यसले युएसएड तथा अमेरिकी सरकारको धारणा प्रतिनिधित्व गरेको मानिने छैन ।*

## प्रस्तावना

फेवा जलाधार क्षेत्रको दिगो संरक्षण गर्ने कार्यहरुमा सहयोग गर्न गठित फेवा वाटरसेड इकोसिष्टम म्यानेजमेण्ट बोर्डलाई छिटो छरितो ढंगले व्यवस्थापन समितिमार्फत योजना तर्जुमा, अभिलेख व्यवस्थापन र दैनिक कार्य संचालनमा सहयोग गर्न आवश्यक भएकोले, उक्त व्यवस्थापन समितिको संचालन कार्यविधि फेवा वाटरसेड इकोसिष्टम म्यानेजमेण्ट बोर्डले आन्तरिक रुपमा छलफल गरी तयार गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "व्यवस्थापन समितिको संचालन कार्यविधि, २०७२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कार्यविधि" भन्नाले व्यवस्थापन समितिको संचालन कार्यविधि, २०७२ सम्झनु पर्दछ ।

ख) "बोर्ड" भन्नाले फेवा वाटरसेड इकोसिष्टम म्यानेजमेण्ट बोर्डलाई सम्झनु पर्दछ ।

ग) "समिति" भन्नाले व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

घ) "कार्यक्रम तथा बजेट" भन्नाले यस कार्यविधिको दफा ९ को उपदफा २ बमोजिम तयार भएको कार्यक्रम तथा बजेटलाई सम्झनु पर्दछ ।

**३. उद्देश्यहरुः** व्यवस्थापन समितिको उद्देश्यहरु देहाय बमोजिम हुनेछन्:

क) बोर्डलाई प्राविधिक तथा प्रशासकीय रुपमा सहयोग पुऱ्याउने ।

ख) बोर्डको मुख्य निर्णायक संरचनाको रुपमा भूमिका निर्वाह गर्ने ।

**४. व्यवस्थापन समितिको गठनः**

(१) जिल्ला विकास समितिको नेतृत्वमा देहाय बमोजिमको क्षेत्रलाई प्रतिनिधित्व गर्ने गरी ८ जनाको एक व्यवस्थापन समिति गठन गरिनेछ ।

क) जिल्ला विकास समिति – संयोजक

ख) पोखरा उपमहानगरपालिका – सदस्य

ग) जिल्ला भूसंरक्षण कार्यालय – सदस्य

घ) जिल्ला वन कार्यालय– सदस्य

ङ) जिल्ला कृषि विकास कार्यालय– सदस्य

च) उपल्लो तटियको प्रतिनिधी– सदस्य

छ) पश्चिमाञ्चल होटल संघ पोखरा – सदस्य

ज) डब्लु डब्लु एफ नेपाल/हरियो वन कार्यक्रम – सदस्य

**५. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** व्यवस्थापन समितिले गर्ने कार्यहरु देहाय बमोजिम हुनेछन्:

(१) कार्यक्रम र बजेट तर्जुमा गर्ने ।

(२) बोर्डको बैठक आयोजना गर्ने ।

(३) सचिवालयको लागि कर्मचारी नियुक्ति गर्ने ।

(४) बोर्डका अभिलेखहरु दुरुस्त राख्ने ।

(५) दैनिक कार्यालय संचालन गर्ने ।

(६) बोर्डको लक्ष्य, उद्देश्यहरु कार्यान्वयनका लागि आवश्यक निर्णयहरु गर्ने ।

**६. समितिको बैठक सम्बन्धी व्यवस्था**

(१) समितिको बैठकको स्थान, मिति र समय संयोजकले तोक्नेछ ।

(२) समितिको बैठक सामान्यतया महिनाको एक पटक बस्नेछ ।

(३) बैठकको कार्यसूची छलफलद्वारा तय गरिनेछ ।

(४) बैठकको अध्यक्षता संयोजक तथा संयोजकको अनुपस्थितिमा सहमतिको आधारमा कुनै सदस्यले गर्नेछ ।

(५) समितिले कुनै व्यक्ति वा विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ र त्यस्तो आमन्त्रित सदस्यको भूमिका आफ्नो विचार राख्ने वा सुझाव दिने मात्र हुनेछ ।

(६) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।




७. **गणपुरक संख्याः** समितिका बहुमत सदस्यहरुको उपस्थितिलाई गणपुरक संख्या मानिनेछ ।

## ८. बैठकको निर्णय

(१) बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।
(२) अध्यक्षता गर्ने व्यक्तिलाई निर्णायक मत दिने अधिकार हुनेछ ।
(३) बैठकको निर्णय प्रमाणीत संयोजकले गर्नेछ ।

## ९. कार्य योजना तर्जुमा

(१) व्यवस्थापन समितिले बोर्डलाई फेवा जलाधार क्षेत्रको समग्र वार्षिक योजना तर्जुमा गर्न सहयोग पुऱ्याउनेछ ।
(२) स्वीकृत वार्षिक योजना अनुसार कार्यक्रममा सहभागी हुन चाहने घरपरिवार तथा संघसंस्थाहरुसँग छलफल गरी विभिन्न कार्यक्रम तथा बजेट निर्माण गरिनेछ ।
(३) कार्यक्रम तथा बजेटको निर्माण बर्षको एक पटक वा अन्य बेला पनि स्रोतको उपलब्धता र मागको आधारमा गर्न सकिने छ ।

## १०. कोष सम्बन्धी व्यवस्था

(१) बोर्डको मातहत वा समन्वयमा संचालन हुने कोष नै व्यवस्थापन समितिसँग सम्बन्धित कोष हो ।
(२) उक्त कोषको परिचालन "कोष व्यवस्थापन निर्देशिका" बमोजिम हुनेछ ।
(३) कोष परिचालनको लागि आवश्यक संझौता व्यवस्थापन समितिले तयार गर्नेछ ।

## ११. समितिको कार्यालय

(१) बोर्डको कार्यालय वा सचिवालय नै व्यवस्थापन समितिको कार्यालय हुनेछ ।
(२) बोर्डको लेटर हेड र छाप नै व्यवस्थापन समितिको लेटर हेड र छाप हुनेछ ।

## १२. कार्यविधि संशोधन

(१) बोर्ड बैठकले यस कार्यविधिको कुनै पनि दफा तथा उपदफा संशोधन वा थपघट गर्न सक्नेछ ।
(२) तर उक्त संशोधनको प्रस्ताव भने व्यवस्थापन समितिले प्रस्ताव गर्नु पर्नेछ ।

**डब्लुडब्लुएफ नेपाल**
पोस्ट बक्स नं ७६६०
बालुवाटार, काठमाडौं, नेपाल
फोनः ४४३४८२०, इमेलः hariyobanprogram@wwfnepal.org
वेबसाइटः www.wwfnepal.org